नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
(PLGSP)
कार्यक्रम समन्वय इकाई

पत्र संख्या: ०७८/७९

च.नं.: ४८

सिंहदरबार, काठमाडौं

मिति: २०७८/०४/२७

श्री स्थानिय तह (सबै),

विषय: सूचना प्रविधि अधिकृतको करार र पारिश्रमिक सम्बन्धमा

स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरुको करार तथा पारिश्रमिकसम्बन्धमा यस कार्यक्रमको च. नं. २९९ मिति २०७८।०२।२६ को पत्र प्राप्त गर्नु भएकै छ । तहाँ कार्यरत सूचना प्रविधि अधिकृतको पारिश्रमिक तथा पोशाक भत्ता बापतको रकम सोधभर्ना सम्बन्धमा देहायअनुसार हुने भएकोले नियमानुसार सूचना प्रविधि अधिकृतको सेवा करार गर्नुहुन र विवरण उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ ।

१. स्थानीय तहले मासिक पारिश्रमिक तथा अन्य सुविधा तोकी सूचना प्रविधि अधिकृतसँग कानुनबमोजिम सेवा करार संझौता गर्ने र सोको प्रति यस कार्यक्रममा यथाशीघ्र पठाउने । यसरी करार संझौता गर्दा अन्य कार्यको अतिरिक्त संलग्न बमोजिमको कार्यजिम्मेवारी समेत तोक्ने ।

२. करार संझौतामा तोकिएको पारिश्रमिक तथा पोशाक भत्ता मध्ये यस कार्यक्रमबाट बढीमा वार्षिक जम्मा रु.३,६१,०००।०० सम्बन्धित स्थानीय तहलाई सोधभर्ना पठाईने छ । सोधभर्ना रकम प्राप्त गर्न स्थानीय तहले संलग्न विवरणमा उल्लेख गरिएका कागजात र विवरण उपलब्ध गराउनु पर्नेछ ।

३. स्थानीय तहले उपलब्ध गराएको विवरणका आधारमा यस कार्यक्रमबाट २०७८ माघ र २०७९ असार महिनामा सोधभर्ना बापतको रकम सम्बन्धित स्थानीय तहको विविध खर्च खातामा पठाईने छ ।

४. यस विषयमा स्थानीय तहले उपलब्ध गराउनु पर्ने विवरण www.plgsp.gov.np/ito7879 मा गई upload गर्नु पर्ने छ ।

(हरि प्रसाद गुरागाई)
प्रशासकिय अधिकृत

फोन: ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईट: www.plgsp.gov.np
इमेल: mail@plgsp.gov.np

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
(PLGSP)

कार्यक्रम समन्वय इकाई

पत्र संख्या: ०७७/७८

च.नं.: २८८

सिंहदरबार, काठमाडौं

मिति: २०७८।२।२६

श्री स्थानीय तह (सबै)

विषयः सूचना प्रविधि अधिकृतको पारिश्रमिक सम्बन्धमा ।

स्थानीय तहहरुमा सूचना प्रविधिको प्रयोग बढाई सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सघाउ पुऱ्याउने उद्देश्यले स्थानीय तहहरुमा नियुक्त सूचना प्रविधि अधिकृतहरुको आधारभुत पारिश्रमिकको ७५% रकम विगत वर्ष देखि नै यस कार्यक्रमबाट सोधभर्ना पठाईएको व्यहोरा विदितै छ । आगामि आर्थिक वर्ष २०७८।०७९ को लागि समेत स्थानीय तहमा नियुक्त सूचना प्रविधि अधिकृतको आधारभुत पारिश्रमिक तथा पोशाक भत्ता मध्ये वार्षिक अधिकतम रु. ३ लाख ६१ हजार निजसँग भएको करार संझौता, हाजिरी विवरण तथा कार्यसम्पादनका आधारमा यस कार्यक्रमबाट सोधभर्ना पठाईने व्यहोरा अनुरोध छ ।

(हरिप्रसाद गुरागाई)

प्रशासकीय अधिकृत

फोन: ४२५७३८९, ४२५७३६३, ४२५७५५६, फ्याक्स नं : ९७७-०१-४२५६२४८, वेब साईट: www.plgsp.gov.np

इमेल : mail@plgsp.gov.np

**<u>सूचना प्रविधि अधिकृतको पारिश्रमिक सोधभर्ना माग गर्न स्थानीय तहले उपलब्ध गराउनु पर्ने कागजात र विवरण</u>**

<table>
<tr><th>समय</th><th>उपलब्ध गराउनु पर्ने विवरण</th></tr>
<tr><td>२०७८ भाद्र १५ भित्र वा सेवा करार संझौता भएको १५ दिन भित्र</td><td>• सूचना प्रविधि अधिकृतको व्यक्तिगत विवरण<br>• अन्य कुराको अतिरिक्त आधारभूत पारिश्रमिक र सेवा सुविधा, निजले सम्पादन गर्ने प्रमुख कार्यहरु, र करार अबधि स्पष्ट उल्लेख गरिएको संझौता पत्र</td></tr>
<tr><td>२०७८ पौष मसान्त भित्र</td><td rowspan="2">• सूचना प्रविधि अधिकृतले गर्ने प्रमुख कार्यको विवरणअनुसार कार्य सम्पादन सन्तोषजनक रहेको प्रमाणित प्रतिवेदन<br>• सूचना प्रविधि अधिकृतको प्रमाणित हाजिरी<br>• सो अवधिसम्म स्थानीय तहबाट सूचना प्रविधि अधिकृतलाई भुक्तानी भएको पारिश्रमिक सम्बन्धी विवरण<br>• सम्बन्धित स्थानीय तहको विविध खर्च खाताको विवरण सहित सोधभर्ना माग गरेको पत्र</td></tr>
<tr><td>२०७९ जेष्ठ मसान्त भित्र</td></tr>
</table>

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं